**आकाशवाणी समाचार- नेपाली**

मितिः ०५ मार्च २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदी र फिनल्याण्डका राष्ट्रपति अलेक्जेंडर स्टबबीच आज नयाँ दिल्लीमा द्विपक्षीय वार्ता हुने भएको छ।

२. पश्चिम एसिया संघर्ष अहिले झन् व्यापक भएको छ।

३. एयर इन्डियाले पश्चिम एसियाको वर्तमान अवस्थाका बीच अधिक मागलाई ध्यानमा राख्दै थप क्षमताका उडानहरू सञ्चालन गर्ने घोषणा गरेको छ।

४. कडा सुरक्षाबीच नेपालमा आज नयाँ संसद् चयनका लागि मतदान शुरु भएको छ।

५. आइसिसी टी–२० विश्वकप क्रिकेटको दोस्रो सेमिफाइनल खेलमा आज भारतले र इंग्ल्याण्डको सामना गर्नेछ ।

**प्रधानमंत्री-फिनलैंड राष्ट्रपति बैठक**

प्रधानमन्त्री नरेन्द्र मोदी र फिनल्याण्डका राष्ट्रपति अलेक्जेंडर स्टबबीच आज नयाँ दिल्लीमा द्विपक्षीय वार्ता हुने भएको छ। दुई नेताबीच विभिन्न क्षेत्रमा द्विपक्षीय सहकार्यलाई अझ बलियो बनाउने विषयमा छलफल हुनेछ। साथै उनीहरूले बहुपक्षीय मञ्चहरूमा सहयोग लगायत क्षेत्रीय र अन्तर्राष्ट्रिय मुद्दाहरूमा पनि विचारहरू आदानप्रदान गर्नुहुनेछ। वार्तापछि कैयौँ समझौता पत्रमा हस्ताक्षर हुनेछन्। प्रधानमन्त्री मोदीले राष्ट्रपति स्टबको सम्मानमा दिवाभोजको आयोजना गर्ने कार्यक्रम रहेको छ।यसअघि श्री स्टब चार दिने राजकीय भ्रमणका लागि हिजो नयाँ दिल्ली आइपुग्नुभएको छ। उहालाई विदेश राज्यमन्त्री कीर्ति वर्धन सिंहले विमानस्थलमा स्वागत गर्नुभयो।

**रायसीना डायलॉग**

रायसिना संवाद 11वां संस्करण आजदेखि नयाँ दिल्लीमा सुरु हुँदैछ। सम्मेलन आगामी 7 मार्च सम्म चल्नेछ। यो अन्तर्राष्ट्रिय सम्बन्ध र आर्थिक रणनीतिको प्रमुख मञ्च हो। सन् २०१६ मा स्थापना भएदेखि नै यस शिखर सम्मेलनमा राष्ट्रप्रमुखहरू, रणनीतिक विचारकहरू र उद्योगका नेताहरूले भाग लिदै आएका छन्।

**उपराष्ट्रपति - कर्नाटक दौरा**

उपराष्ट्रपति सी.पी. राधाकृष्णनले आज कर्नाटकको भ्रमण गर्नुहुनेछ छ। भ्रमणका क्रममा उहाले बेलगावी जिल्लाको श्री वीरभदेश्वर मन्दिरमा राजगोपुरम कलशारोहण र महाकुम्भाभिषेक समारोहको उद्घाटनमा प्रमुख अतिथिका रूपमा सहभागी रहनुहुनेछ।

**पश्चिम एशिया संघर्ष**

पश्चिम एसिया संघर्ष अहिले झन् व्यापक भएको छ। अमेरिकी सेनाको पनडुब्बीले इरानी युद्धपोत आइरिस डेनामाथि आक्रमण गरेको छ। यो घटना श्रीलङ्काबाट लगभग लगभग ४० नटिकल माइल दक्षिणमा रहेको अन्तर्राष्ट्रिय जलक्षेत्रमा भएको थियो। आक्रमणपछि युद्धपोत डुबेको थियो।

**बाइट**

उता अमेरिकी सेन्ट्रल कमान्डका कमान्डर एडमिरल ब्राड कूपरले अपरेसन एपिक फ्युरीबारे अपडेट दिँदै १०० घण्टाभन्दा कम समयमा दुई हजारभन्दा अधिक हतियारले लगभग दुई हजार लक्ष्यमा निशाना बनाएको बताउनु भयो। अमेरिकी रक्षा विभागले एक विज्ञप्ति जारी गर्दै कुवेतको सुआइबा बन्दरगाहमा भएको ड्रोन आक्रमणमा अपरेसन एपिक फ्युरीलाई सहयोग गर्ने चार अमेरिकी सैनिक रिजर्भका सैनिकको मृत्यु भएको जनाएको छ। अमेरिकास्थित मानवाधिकार कार्यकर्ता समाचार एजेंसीका अनुसार इरानमा २८ फेब्रुअरी देखि अहिलेसम्म १ हजार ९७ जना सर्वसाधारणको मृत्यु भएको छ। ब्रिटेन र फ्रान्सले युद्धपोत र हवाई प्रतिरक्षा सामग्रीहरू पनि साइप्रसमा तैनाथ गरेका छन्, जहाँ जारी संघर्षका क्रममा आक्रमण भएको थियो।यसैबीच, इरानबाट टर्कीतर्फ प्रहार गरिएको ब्यालेस्टिक मिसाइललाई नेटोको वायु रक्षा प्रणालीले खसालेको छ। टर्कीको रक्षा मन्त्रालयले यसको पुष्टि गरेको छ।

**नियंत्रण कक्ष**

पश्चिम एसिया र खाडी क्षेत्रको अवस्थालाई मध्यनजर गर्दै विदेश मन्त्रालयले निंयत्रण कक्ष (कन्ट्रोल रुम) स्थापना गरेको छ। कन्ट्रोल रुममा सम्पर्क बिहान नौ बजेदेखि राति नौ बजेसम्म टेलिफोनमार्फत सम्पर्क गर्न सकिने छ। ती नम्बरहरू हुन् 18 00 11 87 97 या 011-2301 2113, 011-2301 4104 तथा 011-2301 7905। यसका अतिरिक्त, संघर्ष क्षेत्रमा भारतीय दूतावासहरूले सुरक्षा उपायहरू र सम्भावित उद्धार उपायहरूमा मद्दत गर्न चौबीसै घण्टा आपतकालीन हेल्पलाइन पनि स्थापना गरेका छन्।

**अमरीका सीनेट - ईरान**

अमेरिकी सिनेटले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानविरुद्ध गरेको सैन्य अभियानलाई समर्थन गरेको छ। सिनेटरहरूले सैन्य कारबाही रोक्ने उद्देश्यले द्विदलीय प्रस्ताव रोक्ने पक्षमा मतदान गरे। सिनेटले 53 विरुद्ध 47 को मतले प्रस्तावलाई अगाडि नबढाउने निर्णय गर्यो, जुन मुख्य रूपमा पार्टी लाइनसँग मिल्दोजुल्दो थियो।

**एयर इंडिया - एडवाइजरी**

एयर इन्डियाले पश्चिम एसियाको वर्तमान अवस्थाका बीच अधिक मागलाई ध्यानमा राख्दै टोरंटो, फ्रैंकफर्ट र पेरिस–चाल्स डी गलमा थप क्षमताका उडानहरू सञ्चालन गर्ने घोषणा गरेको छ। एयर इन्डियाले सोशल मीडिया पोस्ट मार्फत 'आजदेखि ११ मार्च सम्म दिल्ली र टोरन्टोबीच तीन अतिरिक्त उडान हुने र ७ मार्च देखि १० मार्चसम्म दिल्ली र फ्रान्कफर्टबीच तीन उडान तथा दिल्ली र पेरिसबीच अतिरिक्त उडान हुने जनाएको छ।

एयर इन्डियाले भनेको छ कि यी अतिरिक्त उडानहरूले यात्रुहरूलाई यी चयन गरिएका मार्गहरूमा उडान गर्न अधिक विकल्पहरू प्रदान गर्दछ, जसले दिल्लीको अलावा भारत र दक्षिण-पूर्वी एशियाका गन्तव्यहरूमा संपर्क सुविधा प्रदान गर्दछ।

यसैबीच, एयर इन्डिया एक्सप्रेस संयुक्त अरब अमीरातको रास अल खैमाहबाट दिल्ली, कोची र मुम्बईमा शनिबारसम्म उडान गर्ने जनाएको छ। एयर इन्डिया एक्सप्रेसले एक सोशल मीडिया पोस्टमा यसले मस्कट र दिल्लीको बीच र मस्कट र मुम्बईको बीचमा अतिरिक्त उडानहरू पनि सञ्चालन गर्ने जनाएको छ। यात्रीहरूलाई उनीहरूको उडानको स्थिति जाँच गर्न र उनीहरूको सम्पर्क विवरणहरू पीएनआरमा सही रूपमा रेकर्ड सुनिश्चित गर्न सल्लाह दिइएको छ।

**एयर इंडिया - रिफंड**

पश्चिम एसियाको जारी अवस्थाका बीच एयर इन्डियाले यात्रीहरुका लागि ठूलो राहतको घोषणा गरेको छ। एयर इन्डियाले प्रभावित यात्रुहरूलाई कुनै अतिरिक्त शुल्क बिना उनीहरूको टिकटको मिति परिवर्तन गर्दा वा रद्द गर्दा पूर्ण फिर्ता पाउने सुविधा दिइनेछ। यो सुविधा यस वर्षको २८ फेब्रुअरीमा वा त्यसअघि गरिएका सबै कन्फर्म बुकिङमा लागु हुनेछ। पश्चिम एसिया, यूनाइटेड किंगडम र युरोपबाट आउने उडानका लागि यो सुविधा यही महिनाको १० तारिखसम्म लागू हुनेछ। एयर इन्डियाले आफ्नो सामाजिक सञ्जाल पोस्टमा भनेको छ, 'उसले निरन्तर स्थितिलाई नियालिरहेको छ र यात्रु र चालक दलका सदस्यहरूको सुरक्षा र कल्याण सुनिश्चित गर्न प्रतिबद्ध छ। एयर इन्डियाले यात्रीहरूलाई उनीहरूको उडानको नवीनतम स्थिति

http://airindia.com एयरलाइन्सको आधिकारिक वेबसाइट जाँच गर्न वा कुनै पनि सहयोगको लागि एयर इन्डियाको २४ सै घण्टा सम्पर्क केन्द्रमा सम्पर्क गर्न सल्लाह दिएको छ।

**नेपाल - मतदान**

कडा सुरक्षाको बीच नेपालमा आज नयाँ संसद् चयनका लागि मतदान शुरु भएको छ । गत बर्षको सेप्टेम्बरमा युवा नेतृत्वमा भएको प्रदर्शनपछि यो पहिलो आम निर्वाचन हो । ती प्रदर्शनहरूमा ७७ जनाको मृत्यु भएको थियो र सरकारले राजीनामा दिनुपरेको थियो। नेपालको लगभग तीन करोड़ जनसंख्यामध्ये लगभग एक करोड ९० लाख मतदाता २७५ सदस्यीय प्रतिनिधिसभाको निर्वाचनमा सहभागी हुने भएका छन् । जसमा एक सय ६५ सदस्य प्रत्यक्ष निर्वाचित हुनेछन्, एक सौ १० जना समानुपातिक प्रतिनिधित्वबाट निर्वाचित हुनेछन् ।

**क्रिकेट टी20 विश्व कप**

आइसिसी टी–२० विश्वकप क्रिकेटको दोस्रो सेमिफाइनल खेलमा आज भारतले र इंग्ल्याण्डको सामना गर्नेछ । खेल मुम्बईको वानखेडे रंगशालामा साँझ ७ बजेदेखि सुरु हुनेछ । यसअघि गएराति भएको पहिलो सेमिफाइनलमा न्युजिल्याण्डले दक्षिण अफ्रिकालाई नौ विकेटले पराजित गर्दै फाइनलमा प्रवेश गरेको छ । फिन एलेनको अविजित शतकको मद्दतमा न्युजिल्याण्डले दिएको १ सय ७० रनको लक्ष्य केवल १२.५ ओभरमा १ विकेट गुमाएर भेट्टायो । खेलको म्यान अफ द म्याच फिन एलेन घोषित भए ।